# नेपाल राष्ट्र बैंक
## राष्ट्र ऋण व्यवस्थापन विभाग
थापाथली, काठमाडौं

### निक्षेप संकलन उपकरण निष्कासन सम्बन्धी सुचना

यस बैंकले देहाय बमोजिमका विशेषता एवं शर्तहरु कायम गरी <u>तीन महिना अवधिको निक्षेप संकलन उपकरण</u> निष्कासन गर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. (क) उपकरणको नाम : निक्षेप संकलन ।

(ख) निष्कासन हुने रकम : रु.१० अर्ब (दस अर्ब रुपैयाँ मात्र) ।

(ग) बोलकबोल हुने मिति : २०७१ भदौ ३१ गते दिउंसो ३ बजे सम्म ।

(घ) निष्कासन हुने मिति : २०७१ असोज १ गते ।

(ङ) ब्याजदर : बोलकबोलको माध्यमबाट बजारद्वारा निर्धारण हुने ।

(च) साँवा तथा ब्याज भुक्तानी हुने मिति : २०७१ पुस १ गते ।

(छ) खरिद गर्न सकिने रकम : घटीमा रु.५ करोड र बढीमा ५ करोड रुपैयाले भाग गर्दा नि:शेष भाग जाने गरी कुल निष्कासित रकमसम्म ।

(ज) फाराम सम्बन्धी व्यवस्था : यस सम्बन्धी फाराम यस बैंकको वेवसाईट www.nrb.org.np अन्तर्गत Public Debt/ Monetary Policy Operation/ Deposit Collection / Bid Form बाट डाउनलोड गरी प्रयोग गर्न सकिने ।

(झ) धितो सम्बन्धी व्यवस्था : यस बैंक बाहेक अन्य बैंक तथा वित्तीय संस्थाहरुमा धितोको रुपमा प्रयोग गर्न सकिने ।

२. निक्षेप संकलनको बोलकबोल बहुब्याजदर प्रणालीमा हुने ।

३. यो निक्षेप संकलन उपकरणको बोलकबोलमा मौद्रिक नीतिमा व्यवस्था भए बमोजिमका काउण्टरपार्टीहरु ("क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्था) ले मात्र सहभागी हुन पाउने ।

४. काउण्टरपार्टीहरुले बोलपत्र फाराममा आफूले निक्षेप वापत जम्मा गर्न चाहेको रकम र ब्याजदर (दशमलव पछिको हकमा चार अंकसम्म) उल्लेख गर्नु पर्ने ।

५. निक्षेप संकलनको लागि आव्हान गरिएको रकम बांडफांड गर्दा बोल बमोजिम सबभन्दा कम ब्याजदर Quote गर्ने काउण्टरपार्टीलाई प्राथमिकता क्रममा राखी आव्हान गरेको रकमसम्म क्रमश: बाडफाड गरिने ।

६. समान ब्याजदर Quote भएका बोलपत्रहरुको रकम समावेश गर्दा कुल निष्कासित रकमभन्दा बढी भएमा **Pro-rata basis** मा बांडफांड गरिने ।

७. खुला बजार कारोबार संचालन समितिले **Cut-off rate** निर्धारण गर्न सक्ने र सोभन्दा बढी ब्याजदरको निक्षेप स्वीकार गर्ने वा नगर्ने अधिकार समितिसंग सुरक्षित रहने ।

८. आव्हान गरिएको रकममध्ये सम्पूर्ण वा आंशिक रकमको बोल स्वीकार वा अस्वीकार गर्ने अधिकार समितिलाई रहने ।

९. सफल बोलवालाहरुको स्वीकृत रकम यस बैंकमा रहेको नगद खाता खर्च गरी लिइने र बैंकमा संकलित निक्षेपको लागि खोलिएको अलग्गै निक्षेप संकलन खातामा जम्मा गरिने ।

१०. बोलपत्र स्वीकृत भएका काउण्टरपार्टीको खातामा सो उपकरण निष्कासन गरिने दिनमा मौज्दात रकम पर्याप्त नभएमा त्यस्ता काउण्टरपार्टीको अर्नेष्ट मनि बापतको रकम जफत गरी निजलाई कालोसूचीमा राखी पछिल्ला बोलकबोलमा सहभागी हुन बन्देज लगाईने ।

११. संकलित निक्षेप उपकरणको भुक्तानी अवधि समाप्त भए पछि यस बैंकले निर्धारित ब्याज सहित निक्षेप रकम सम्बन्धित निक्षेपकर्ताको खातामा जम्मा गरि दिने ।

१२. निक्षेप संकलन गरिएको रकम सम्बन्धित काउण्टरपार्टीको लगानी **Portfolio** हुने भएकोले सो रकमलाई अनिवार्य नगद मौज्दात **(CRR)** मा गणना गर्न नपाईने तर, यस बैंकको निर्देशन बमोजिम कायम राख्नु पर्ने **SLR** तथा **Liquidity Ratio** मा गणना गर्न पाइने ।

१३. निक्षेप संकलन उपकरण मार्फत संकलित निक्षेप रकम भुक्तानी मिति अगावै सम्बन्धित काउण्टरपार्टीलाई फिर्ता भुक्तानी तथा Pre-mature नहुने ।

**विस्तृत जानकारीका लागि यस विभागको फोन नम्बर ०१-४१०१७३९ मा सम्पर्क गर्नुहुन ।**